# बुढीनन्दा राजपत्र

## बुढीनन्दा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या २ मिति २०८० फागुन १३ गते

## भाग १

## बुढीनन्दा नगरपालिकाको सूचना

यस बुढीनन्दा नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८० बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### स्वास्थ्य तथा सरसफाइ ऐन, २०८०

**प्रस्तावना:** यस बुढीनन्दा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने बासिन्दाहरूको आधारभूत स्वास्थ्यको अधिकार परिपूर्ति गर्न

स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरु व्यवस्थापन, नियमनका लागि कानुनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम बुढीनन्दा नगरपालिकाको नगरसभाले यो ऐनको तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "बुढीनन्दा नगरपालिका **स्वास्थ्य तथा सरसफाइ ऐन, २०८०**" रहेको छ।

(२) यो ऐन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि बुढीनन्दा नगरपालिका क्षेत्रभित्र यो ऐन लागू हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले बुढीनन्दा नगरपालिकाको स्वास्थ्य तथा

सरसफाइ ऐन, २०८० लाई सम्झनु पर्दछ।

(ख) "संघीय ऐन" भन्नाले संघीय सरकारद्वारा जारी भई प्रचलनमा रहेको "जनस्वास्थ्य सेवा ऐन २०७५" र संघीय सरकारकै स्वास्थ्य सम्बन्धी अन्य ऐनहरुलाई समेत बुझ्नु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले बुढीनन्दा नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवा सहित नाफाको समेत उद्देश्य राखी

सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(च) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य सेवालाई सम्झनु पर्दछ।

(छ) “व्यवस्थापन समिति” भन्नाले ऐनको दफा ३९ को उपदफा (५) बमोजिम बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ज) “समिति” भन्नाले ऐनको दफा ३५ को उपदफा (७) बमोजिमको बुढीनन्दा नगरपालिकाको स्वास्थ्य सुशासन एवं गुणस्तर सुधार

सुनिश्चितता समितिलाई सम्झनु पर्दछ।

(झ) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन दिनु पर्ने प्रारम्भिक तथा तत्कालको सेवालाई सम्झनु पर्दछ।

(ञ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले ऐनको दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक,

उपचारात्मक र पुनर्स्थापनात्मक सेवाहरुलाई सम्झनु पर्दछ।

(ट) "गैरसरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति लिई गैर सरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ठ) "जोखिमयुक्त क्षेत्र" भन्नाले कार्य स्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रासायनिक, भौतिक तथा जलवायु परिर्वतनजन्य, सङ्क्रमितहरूको बसोबास रहेको, मनोसामाजिक, शारीरिक, भौतिक तथा

भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्दछ र यस शब्दले स्वास्थ्य उपचारको बेला वा क्रममा स्वास्थ्यकर्मी माथि हुने सम्भाव्य जोखिमलाई समेत जनाउनेछ।

(ड) "परम्परागत उपचार प्रदायक" भन्नाले परम्परागत रुपमा जडिबुटी, खनिज आदि वा अन्य विशेषज्ञताको आधारबाट उपचार प्रदान गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

(ढ) "शाखा" भन्नाले बुढीनन्दा नगरपालिकाको स्वास्थ्य विषय हेर्ने शाखालाई सम्झनु पर्छ।

(ण) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी

स्वास्थ्य संस्थामा कार्यरत रहेका चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता समेतलाई सम्झनु पर्दछ।

(त) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, योग, अकुपञ्चर आदि पद्धतिमा आधारित भई सेवाग्राहीलाई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक आदि प्रकृतिको स्वास्थ्य सेवालाई सम्झनु पर्दछ।

(थ) "निदान केन्द्र" (डाईग्नोस्टिक सेन्टर) भन्नाले रेडियो ईमेजिङ,

प्रयोगशालाबाट गरिने जैविक तथा पराजैविक जाँच लगायतका निदानात्मक सेवाहरू प्रदान गर्न कानुन बमोजिम ईजाजत प्राप्त संस्थाले सञ्चालन गरेको सेवा केन्द्रलाई सम्झनु पर्दछ।

(द) “सूचित सहमति” भन्नाले कानूनी रुपमा सक्षम प्राकृतिक व्यक्तिले स्वास्थ्य सेवा लिनका लागि दिएको लिखित वा मौखिक सहमतिलाई सम्झनु पर्दछ।

(ध) “मन्त्रालय” भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ।

## परिच्छेदः २

## सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व



बुढीनन्दा नगरपालिका

३. **<u>स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितताः</u>** (१) नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने प्रत्येक नागरिकलाई सहज र सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्राप्त गर्ने प्रयोजनका लागि नेपाल सरकारको प्रचलित कानुन तथा नगरपालिकाले समय समयमा तोकेबमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रम वा कार्यक्रमहरूमा समावेश हुनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) उपलब्ध स्वास्थ्य सेवाबाट कुनै पनि नागरिकलाई वञ्चित गरिने छैन।

(४) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिएबमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्राप्त गर्ने हक हुनेछः

(क) सामुदायिक खोप सेवा।

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा

सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवा।

(ग) सरुवा, महामारी वा संक्रामक रोग सम्बन्धी सेवा।

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा।

(ङ) मानसिक रोग सम्बन्धी सेवा।

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा।

(छ) सामान्य र आकस्मिक अवस्थाका सेवाहरु।

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा।

(झ) आयुर्वेद लगायत अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा।

(ञ) संघीय सरकारले सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा।

(ट) सुदूरपश्चिम प्रदेश सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा।

(ठ) नगरपालिकाले स्थानीय राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा।

(५) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवाप्रवाह तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ।

(६) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा नगरपालिकाले उपलब्ध स्रोत र साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सुचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ। थप गरिएका

सेवाहरुको हकमा पर्ने आर्थिक भार नगरपालिकाले व्यहोर्ने वा संघ वा प्रदेश वा अन्य संघ संस्थाहरुसँगको आर्थिक एवं प्राविधिक सहयोग वा साझेदारीमा समेत सञ्चालन गर्न सक्नेछ।

(७) नगरपालिकाले संघ, प्रदेश वा अन्य संघ संस्थाहरु अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरुको साझेदारीमा समेत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

४. **आकस्मिक उपचार सेवाः** (१) संघीय सरकार वा प्रदेश सरकारले तोकेबमोजिमका आकस्मिक स्वास्थ्य सेवा वा आपतकालिन उद्धार वा अन्य स्वास्थ्य सेवाहरु नगरपालिका क्षेत्रभित्र सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि नगरपालिकाले स्वास्थ्य संस्थाहरुको समन्वय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराउनु प्रत्येक स्वास्थ्य संस्था भित्रका कर्मचारीहरूको कर्तव्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक र

अत्यावश्यक स्वास्थ्य सेवा तत्काल उपलब्ध हुन नसक्ने अवस्था रहेमा त्यस्तो स्वास्थ्य संस्थाले सो संस्थाबाट तत्काल उपलब्ध हुन सक्ने उपचार उपलब्ध गराई थप उपचारका लागि सेवाग्राहीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम उपचार गर्दा लागेको खर्च सम्बन्धित सेवाग्राहीको स्वास्थ्य बीमा गरिएको भए सो बीमाबाट र स्वास्थ्य बीमा नगरिएको भएमा वा स्वास्थ्य बीमाको रकमले नपुग्ने देखिएमा नपुग हुन आए बराबरको रकम सम्बन्धित सेवाग्राही व्यक्ति स्वयं, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ।

तर, आधारभूत स्वास्थ्य सेवा अन्तर्गत पर्ने स्वास्थ्य सेवा स्वास्थ्य संस्थाले निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम आकस्मिक प्रकृतिको उपचार सेवा प्रदान गर्दा पहिले उपचार शुरु गरेर त्यसपछि मात्र सम्बन्धित सेवाग्राही वा निजको

संरक्षकलाई त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नु पर्ने प्रक्रियाहरू पुरा गर्न लगाउनु पर्नेछ।

(६) आकस्मिक उपचार सेवा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५. **विशेषज्ञ स्वास्थ्य सेवाः** (१) नगर क्षेत्रको भौगोलिक अवस्था, रोगको प्रकोप दर, फैलावटको स्थिति, सेवाको प्रकृति वा अन्य उपयुक्तताका आधारमा नगरपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवा वा अन्य आपतकालीन सेवाको व्यवस्था तत्काल मिलाउनु पर्नेछ।

(२) कुनै पनि गैरसरकारी वा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर वा अन्य सेवा सञ्चालन गर्दा नगरपालिकासँग स्वीकृति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

तर, रक्तदान वा यस्तै अन्य जीवनदायिनी सेवाका शिविर सञ्चालन गर्दा भने नगरपालिकालाई जानकारी दिएर पनि सञ्चालन गर्न बाधा पर्ने छैन।

(३) विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **<u>प्रेषण (रेफरल) सेवाः</u>** (१) नगरपालिका क्षेत्रभित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारका लागि आफू समक्ष आएका सेवाग्राही बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवाको अभाव वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने सम्मको उपचार तत्काल गराई थप उपचारका लागि तुरुन्तै उपचार प्रदान गर्न सक्ने सक्षम स्वास्थ्य संस्थामा प्रेषण गरी समन्वय गरिदिनु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम सेवाग्राहीको प्रेषण गर्दा तोकिएबमोजिमको विधि र प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) विशेषज्ञ सेवा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूका बीच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन नगरपालिकाले आवश्यक समन्वय गर्नु पर्नेछ।

(४) प्रेषण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. <u>गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेः</u> (१) नगरपालिकाले नेपाल सरकारबाट तोकिएबमोजिमको स्तरमा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(२) संघीय वा प्रदेश सरकारको समन्वय एवं नगरपालिकाको उपलब्ध श्रोतको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न देहाएबमोजिमको कार्यहरु गर्नु पर्नेछ;

(क) राष्ट्रिय वा प्रादेशिक नीतिको आधारमा नागरिकको स्वास्थ्य संरक्षण र सम्वर्द्धन गर्ने।

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामूलक तवरबाट सेवा उपलब्ध गराउने।

(३) संघ तथा प्रदेशको समन्वयमा नगरपालिकाले तोकिएको मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्ता संस्थामा आवश्यक

जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्नेछ।

८. <u>**सेवाग्राहीको कर्तव्यः**</u> नगर क्षेत्रभित्रका स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीको कर्तव्य देहायबमोजिम हुनेछ;

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने खानपिन, योग, प्राणायाम तथा शारीरिक व्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थाबाट दिईने सेवाको उपभोग गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानुनको पालना गर्दै संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले जारी गरेका

आदेशहरूको पालना गर्दै समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा समावेश हुने,

(घ) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचार गर्ने कार्यमा सघाउ पुर्याउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मी प्रतिको कुनै पनि किसिमको दुर्व्यवहार नगर्ने,

(च) आवश्यकता अनुसार उपचार सहमति फाराम मन्जुरीनामा मा हस्ताक्षर गर्ने,

(छ) स्वास्थ्य संस्थाले आवश्यक सेवाको लागि प्रेषण गरेमा सम्बन्धित संस्थामा गई सेवा लिने।

(ज) सिफारिस गरिएको संस्थामा आंशिक वा पुरा उपचार लिन अस्वीकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा सोही व्यहोरा उल्लेख गरी हस्ताक्षर गरिदिने।

९. **उपचार गराउनु दायित्व हुनेः** परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति विरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु प्रत्येक अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गर्ने व्यक्तिको दायित्व हुनेछ।

१०. **सेवाग्राहीलाई जानकारी दिनुपर्नेः** (१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहाएका विषयमा अनिवार्य रुपले जानकारी दिनु पर्नेछ;

(क) प्रत्येक सेवाग्राहीलाई निजको स्वास्थ्य र उपचारका सम्बन्धमा पूर्ण जानकारी प्रदान गर्नु स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

तर, सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिंदा निजको वा समुदायको हित विपरीत हुन सक्ने पर्याप्त आधार भएमा त्यस्तो सूचना गोप्य राख्न स्वास्थ्य संस्थालाई कुनै बाधा पर्ने छैन।

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र

उपचारसँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धी विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्वीकार गर्न सक्ने र सेवा अस्वीकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्वका सम्बन्धमा।

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भएसम्म निजले बुझ्न सक्ने र सरल भाषामा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने

अवस्थामा निजको परिवारको उमेर पुगेको सदस्यलाई दिनुपर्नेछ।

११. **<u>सेवाग्राहीको सूचित सहमति (ईन्फर्म कन्सेन्ट) लिनु पर्ने:</u>** (१) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई सामान्य भन्दा भिन्न प्रकृतिको स्वास्थ्य सेवा उपलब्ध गराउँदा अनिवार्य रुपमा निजको सूचित सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि लिइएको सेवाग्राहीको सहमति लिखित रुपमै हुनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाएको अवस्थामा सेवाग्राहीको सूचित सहमति नभए पनि स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ;

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति



बुढीनन्दा नगरपालिका

वा पत्नी, बाबु वा आमा, हजुरबुवा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाइ वा दिदिबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम् व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानुन वा अदालतको आदेश बमोजिम सहमति बिना नै स्वास्थ्य सेवा उपलब्ध गराइएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई तत्काल उपचार नगर्दा निजको स्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुने अवस्था रहेमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको स्वास्थ्यमा गम्भीर क्षति पुग्न सक्ने सम्भावना रहेमा,

(ङ) सम्बन्धित व्यक्तिको अवस्था जोखिमयुक्त भएको तर व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्वीकार नगरेमा,

(च) तोकिएबमोजिमको अन्य अवस्थामा।

१२. **समान व्यवहार गर्नु पर्नेः** (१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बिरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार वा सेवा प्रदान गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था,

वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि कुराका आधारमा उपचार वा सेवामा भेदभाव गर्नु र गराउनु हुँदैन।

१३. **पेशागत आचरणः** स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले सम्बन्धित परिषदहरुले निर्धारण गरे बमोजिमका पेशागत आचरणको अक्षरशः पालना गर्नु पर्नेछ।

१४. **गोपनीयता कायम राख्नेः** (१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्रदान गरेको उपचार वा सेवा लगायतका सूचनाहरु गोप्य राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएको अवस्थामा सूचना सार्वजनिक गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन;

(क) सूचना सार्वजनिक गर्न सेवाग्राहीले लिखित सहमति दिएमा,

(ख) अदालतको आदेश वा प्रचलित कानुन बमोजिम सूचना सार्वजनिक गर्नु पर्ने भएमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने देखिएमा।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जनस्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१५. **डिस्चार्ज (बहिर्गमन) सारांश दिनुपर्नेः** प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराइरहेका बिरामी वा सेवाग्राहीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिएबमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनुपर्नेछ।

१६. **स्वास्थ्य संस्थाको दायित्वः** (१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सूचना प्रवाह गर्नु पर्नेछ।

(२) सूचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य बिभिन्न संचार माध्यमद्वारा जनतासम्म प्रवाह गर्नु पर्नेछ।

(३) स्वास्थ्य सेवामा गरीव र पछाडि परेका वर्गको पहुँच स्थापित गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनासो व्यवस्थापन गर्ने कार्यविधि समेत उल्लेख गरी सूचना प्रवाह गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने गरी तोकिएको सुरक्षात्मक मापदण्डको अवलम्बन गर्नु पर्नेछ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले योग्य र सक्षम सेवाप्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(६) स्वास्थ्य सेवा अत्यावश्यकीय सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाइने छैन।

(७) सवै स्वास्थ्य संस्थाले तोकिय बमोजिमको नागरिक बडापत्र राखि सोही अनुसार सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(८) गुनासो सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१७. **<u>स्थानीय प्रशासनलाई जानकारी गराउनेः</u>** (१) दुर्घटना वा अन्य कुनै आपतकालीन कारणले कोही स्वयंसेवीले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफूसँग उपलब्ध भएसम्मको उपचार सेवा प्रदान गर्नुपर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल स्थानीय प्रशासनलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले प्रशासनलाई सूचना दिंदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित उपलब्ध भएसम्मका अन्य जानकारी समेत दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम जानकारी प्राप्त भएपछि स्थानीय प्रशासनले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ।

१८. **<u>उजुरी गर्न सक्नेः</u>** स्वास्थ्य सेवा प्रदान गर्दा वा उपचारको क्रममा कुनै सेवाग्राहीको स्वास्थ्यमा थप जटिलता देखा परेमा, सेवाको प्राप्ति वा उपचारको

प्रक्रियाप्रति निजलाई कुनै आशंका भएमा वा लापरवाही गरिएको महसुस भएमा निजले आफ्नो उपचारमा संलग्न रहेका स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको विरुद्धमा तोकिएबमोजिम तोकिएको निकायमा उजुरी गर्न सक्नेछ।

तर, असल नियतले गरेको कामबाट कुनै अनपेक्षित परिणाम निस्केमा कुनै पनि स्वास्थ्यकर्मीलाई व्यक्तिगत रुपमा जिम्मेवार बनाईने छैन।

१९. **शर्त बन्देज लगाउन सक्नेः** स्वास्थ्य संस्थाको प्रमुख वा अधिकार प्राप्त अधिकारीले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लगाउन सक्नेछ।

२०. **आवश्यक उपाय अवलम्बन गर्नेः** प्रचलित कानुनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले कर्मचारीको सुरक्षा र रोगको संक्रमण रोक्नेतर्फ आवश्यक स्वास्थ्य मापदण्डको अवलम्बन गर्नु पर्नेछ।

## परिच्छेद -३

## स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन सम्बन्धी

२१. **स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन र नियमनः** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नका लागि नगरपालिकाले स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) संघीय सरकारको जनस्वास्थ्य सेवा ऐन २०७५ प्रारम्भ हुनुपूर्व स्थापना भई सञ्चालनमा रहेका नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुले नगरपालिकाले तोकेको समयावधिभित्र दफा २२ बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ।

(३) नगरपालिकाले स्वास्थ्य सेवाप्रवाह गर्नका लागि निजी वा अन्य संघ संस्थाहरुसँग समेत आवश्यक साझेदारी गर्न सक्नेछ।

(४) निजी तथा अन्य संघ संस्था वा सहकारी वा गैरनाफामूलक वा सामुदायिक स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको मापदण्ड, ईजाजत तथा नियमनको व्यवस्था प्रचलित कानुनमा उल्लेख भए बमोजिम व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्धारण भएको मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्नुपूर्व

अनिवार्य रुपमा नगरपालिकाबाट ईजाजतपत्र लिएको हुनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम स्वास्थ्य संस्थालाई ईजाजत दिने, नवीकरण गर्ने तथा त्यस्तो स्वास्थ्य संस्थाको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(७) नगरपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग, प्राणायाम्, ध्यान लगाएतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनको लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आर्युवेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्नेछ।

२२. **अस्पताल सञ्चालन गर्न आवश्यक पर्ने मापदण्डः** (१) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको संरचना र सो संस्थाले प्रदान गर्ने सेवा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्नु पर्नेछ।

(३) नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने अधिकतम् १५ शैयाको अस्पतालहरुले देहाएबमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ।

(क) **जनशक्तिः** कम्तीमा १ जना विशेषज्ञ चिकित्सक (एम. डि. वा सो सरह) २ जना एम.बि.बि.एस. डाक्टर, कम्तीमा ६ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्नोलोजिष्ट र आवश्यक मात्रामा अन्य सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु।

(ख) **भवन तथा कोठाः** दर्ता चलानी, बहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने वार्ड, क्याबिन,

बुढीनन्दा नगरपालिका

नर्सिङ कक्ष, प्रशासन कक्ष, पर्याप्त पार्किङ स्थल आदि समेतको भौतिक सुविधा।

(ग) **उपकरण र पूर्वाधारः** सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाईफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको उचित प्रणाली भएको।

(घ) नगरपालिकाले तोकेका अन्य आवश्यक शर्त र प्रावधानहरु।

२३. **स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड र पूर्वाधारः** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम् मापदण्ड नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(३) नगरपालिकाले तोकिएको मापदण्ड पुरा गरी १५ (पन्ध्र) शैयासम्म क्षमताको अस्पताल संचालन गर्न आवश्यक कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ।

(४) नगरपालिकाले हालसम्म संचालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नती गरी संचालन गर्न सक्नेछ।

(५) नगरपालिका भित्र संचालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यकीय निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधीहरु उपलब्ध गराउनु पर्नेछ।

(६) नगरपालिकाले नगरपालिका अन्तर्गतका अन्य सरकारी स्वास्थ्य संस्थाहरुमा फार्मेसी सेवा

विस्तार गर्न आवश्यक मापदण्ड तयार गरी सुलभ फार्मेसी सेवा संचालन गर्न समेत सक्नेछ।

(७) औषधी सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जन स्वास्थ्य ऐन २०७५ को दफा २९ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

(८) संघीय सरकार वा विदेशी दाता वा दातृ निकायबाट निर्माण भई नगरपालिकालाई हस्तान्तरण गरिएको अस्पताल सञ्चालन गर्न नगरपालिकाले छुट्टै अस्पताल सञ्चालन कार्यविधि वा निर्देशिका तर्जुमा गरी लागु गर्न सक्नेछ।

(९) बेग्लाबेग्लै प्रकृति र छुट्टै शर्त सहित नगरपालिकाले कुनै स्वास्थ्य संस्था प्राप्त गरेको भए वा भविष्यमा प्राप्त गरेमा त्यस्ता विशेष प्रकृतिका स्वास्थ्य संस्थाहरु सम्बन्धित संस्थाको शर्त समेटिएको छुट्टै नियमावली वा सञ्चालन कार्यविधिबाट सञ्चालन गरिनेछ।

२४. <u>**निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेः**</u> (१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक

कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्डको अधीनमा रही नगरपालिकाले १५ शैयासम्मको अस्पताल सञ्चालनको अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिका लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) दफा ४५ बमोजिम गठन भएको गुणस्तर सुधार तथा सुनिश्चितता समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको देखिएमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशयपत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको सिफारिशको आधारमा नगर कार्यपालिकाले ३० दिनभित्र यस्तो अस्पताल संचालनको स्वीकृति दिन आशयपत्र प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम आशयपत्र प्राप्त गरेका संस्थाले तोकिएको समयसीमा भित्र यस ऐनले

निर्दिष्ट गरेका पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगरकार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ र अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा नगरपालिकाले अस्पताल संचालनको स्थायी अनुमति प्रदान गर्न सक्नेछ।

२५. **<u>पोलिक्लिनिक संचालनको अनुमतिः</u>** (१) नगर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिन चाहने व्यक्ति वा संस्थाले पोलिक्लिनिकमा बिरामी जाँच्ने डाक्टरको योग्यता र अनुभवको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको सम्पूर्ण विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) अनुरुप निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक अनुगमन र जाँचबुझ गरी सञ्चालनको अनुमति दिन सक्नेछ।

२६. **प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालनको अनुमतिः** कुनै व्यक्ति वा संस्थाले नगरपालिकाको क्षेत्रभित्र प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा देहाएबमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(क) संचालकको व्यक्तिगत विवरण,

(ख) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात,

(ग) आवश्यक न्यूनतम् शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थावाट प्रयोगशाला विज्ञान विषयमा कम्तिमा तीन बर्षको अध्ययन पुरा गरि सम्वन्धित

काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,

(घ) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार र

(ङ) ल्याबमा प्रयोग हुने न्यूनतम् उपकरणहरुको विवरण।

२७. <u>**फार्मेसी, निजी मेडिकल वा उपचार केन्द्र सञ्चालनको अनुमतिः**</u> (१) नगरपालिका क्षेत्रभित्र कसैले फार्मेसी, निजी मेडिकल पसल वा आयुर्वेदिक उपचार केन्द्र वा यस्तै प्रकृतिका सेवा सञ्चालन गर्न चाहेमा देहायको विवरण खुलाई नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(क) फार्मेसी वा निजी मेडिकल पसल वा उपचार केन्द्रको मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु

(ख) शैक्षिक योग्यताका प्रमाणपत्र प्रतिलिपी,

(ग) नेपाली नागरिकता,

(घ) हालको बसोबास ठेगाना प्रमाणित भएको कागजात,

(ङ) वडा कार्यालयको सिफारिस र

(च) अन्य तोकिएका कागजातहरु ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी वा निजी मेडिकल पसल वा उपचार केन्द्र सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनका साथ खुलाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त विवरण सहितको आवेदनको व्यहोरामा नगरपालिका सन्तुष्ट भएमा संचालनको अनुमति दिन सक्नेछ।

(४) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको तिन सय मिटरको वरिपरी दुरी भित्र कुनै पनि अस्पताल, पोलिक्लिनिक, फार्मेसी, निजी मेडिकल पसल, उपचार केन्द्र र प्रयोगशाला सञ्चालन गर्न पाइने छैन ।

(५) नगपालिकाले उपदफा (४) मा तोकिएको क्षेत्र भन्दा बाहिर अस्पताल, पोलिक्लिनिक, फार्मेसी, निजी मेडिकल पसल, उपचार केन्द्र र प्रयोगशाला संचालन गर्नका लागि नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्डको प्रतिकुल नहुने गरी नगर स्तरीय मापदण्ड तोक्न सक्नेछ ।

२८. **सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने:** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्कको निश्चित प्रतिशत रकम नगरपालिकाको सिफारिसमा सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेद -४

## स्वास्थ्यकर्मी सम्बन्धी व्यवस्था

२९. **स्वास्थ्यकर्मीको व्यवस्थापनः** (१) नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि देहाएबमोजिमका स्वास्थ्यकर्मीहरु रहने छन्;

(क) **स्थायीः** स्थायी स्वास्थ्यकर्मीहरु

(ख) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(ग) **अभ्यासकर्ताः** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ। यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ।

(२) कार्यपालिकाले नगरपालिका अन्तर्गत स्वास्थ्य सेवाको कुनै कर्मचारीलाइ एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न वा काम काजमा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कर्मचारीको सरुवा गर्दा लिइने आधार तथा मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम कर्मचारीलाई सरुवा वा कामकाजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको योग्यता, नियुक्तिको प्रकृया, सेवा सुविधा र तालिम सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि बनाइ व्यवस्थित गर्नेछ।

(६) स्वास्थ्य जनशक्तिको सेवा सुविधा तथा अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

तर, स्वास्थ्य जनशक्ति व्यवस्थापन, प्रोत्साहन र उत्प्रेरणाको लागि प्रचलित सेवा सुविधाका अतिरिक्त आवश्यकता र कार्य क्षमताका आधारमा थप सेवा सुविधा उपलब्ध गराउन यस दफाले कुनै बाधा पुयाउने छैन।

३०. **स्वास्थ्यकर्मीको सेवा सुविधाः** नगरपालिका मातहत कार्यरत स्वास्थ्यकर्मीहरुले तोकिएबमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

३१. **स्वास्थ्यकर्मीको दरबन्दी निर्धारणः** (१) स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत दरबन्दी रिक्त भएको स्थानमा रिक्त अवधीका लागि नगरपालिकाले करार सेवाबाट स्वास्थ्यकर्मीको व्यवस्थापन गर्न सक्नेछ।

(३) नगरपालिकाले आवश्यक ठानेको स्वास्थ्य संस्थाका लागि नगर सभाको स्वीकृतिमा निर्धारित दरबन्दी भन्दा थप स्वास्थ्यकर्मी करारमा व्यवस्थापन गर्न सक्नेछ ।

# परिच्छेद- ५

## <u>औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था</u>

३२. **<u>औषधी, स्वास्थ्य उपकरण एवम् सामाग्रीहरुको खरिद सम्बन्धी व्यवस्थाः</u>** आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

३३. **<u>औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको भण्डारणः</u>** (१) खरिद गरिएका औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य शाखाको सिफारिसमा नगरपालिकाको निर्देशन वा औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री भण्डारण निर्देशिका अनुसार गरिने छ।

(२) नगरपालिकाले खरिद गरेको उपकरण, औषधी र सामाग्रीको कुल परिमाण र मूल्य सार्वजनिक गर्नु पर्नेछ।

(३) सम्बन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको औषधी, उपकरण र सामाग्रीको आम्दानी र खर्चको विस्तृत विवरण तोकिएको ढाँचामा राखी सम्बन्धित स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय मार्फत तोकिएकै समयावधिमा नगरपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

(४) नगरपालिकाले आफू अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण तथा सामाग्री भण्डारणको लागि भण्डार कक्षको उचित व्यवस्था मिलाउनु पर्नेछ।

(५) महामारी एवं विपद् व्यवस्थापनका लागि तीन महिनासम्म पुग्ने गरी वैकल्पिक मौज्दात कायम गर्नु नगरपालिकाको कर्तव्य हुनेछ।

३४. **औषधीको वितरण सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा अन्तर्गत आवश्यक पर्ने अत्यावश्यकीय औषधी तथा औषधी

जन्य सामाग्रीहरु नागरिकलाई निःशुल्क वितरण गरिनेछ।

(२) नगरपालिकामा खपत हुने अन्य औषधीको मूल्य संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) औषधी बिक्रीकर्ताले पनि ग्राहकलाई आफूले बिक्री गरेको औषधीको अनिवार्य रुपमा बिल उपलब्ध गराउनु पर्नेछ।

(४) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

३५. **स्वास्थ्य सेवाको न्यूनतम् मूल्य र गुणस्तर तोक्न सक्नेः** (१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन (नगर स्तरीय निजी मेडिकल) र स्वास्थ्य सेवाहरुको न्यूनतम् मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने अधिकार नगरपालिकालाई हुनेछ।

(३) स्वास्थ्य संस्थाले सेवा शुल्कको सूची सेवाग्राहीले देख्ने स्थानमा राख्नु पर्नेछ।

## परिच्छेद -६

## <u>जनस्वास्थ्यको संरक्षण, सम्वर्द्धन र वातावरणीय व्यवस्था</u>

३६. **<u>रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्नेः</u>** (१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेको थाहा पाईएमा थाहा पाउनेले २४ घण्टा भित्र सोको जानकारी नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य सचेतकलाई टिपोट गराउनु पर्नेछ।

(२) टिपोट गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

३७. **<u>महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नु पर्नेः</u>** (१) स्थानीय स्तरमा कुनै रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निक्यौंल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई त्यस क्षेत्रको भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ।

(२) उपदफा (१) को परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गरी व्यवस्थापन गर्नु नगरपालिकाको कर्तव्य हुनेछ।

(३) कार्यपालिकाले यस्तो आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन तोकिएबमोजिमको द्रुत प्रतिकार्य टोली गर्नु पर्नेछ।

(४) महामारी तथा विपद व्यवस्थापनका लागि नगरपालिकाले विपद जोखिम न्यूनिकरणका लागि विपद प्रतिकार्य एवं पूर्व तयारी योजना बनाई लागु गर्नु पर्नेछ।

३८. **<u>सरसफाइ तथा स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापनः</u>** (१) स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

(२) तोकिएको मापदण्ड बमोजिम जोखिम रहित र जोखिमयुक्त फोहरहरुलाई अलग- अलग छुट्याई त्यसको उचित व्यवस्थापन गर्नु प्रत्येक स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो परिसरमा सेवाग्राहीका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

३९. **जनस्वास्थ्यको संरक्षण र संम्वर्द्धनः** (१) नगर क्षेत्र भित्र खाद्यान्न, मासु, पानी, दुध, तरकारी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्री वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा नगरपालिका र प्रदेश सरकारले तोकेको र प्रचलित कानुनलाई आधार मानी नगरपालिकाले कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नु पर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र ध्वनि, वायू तथा जल प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न नगरपालिकाले र प्रदेश सरकारले तोकको कानुन र मापदण्ड अनुसार कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नेछ।

(३) वातावरणीय प्रदुषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकूल प्रभाव नियन्त्रणका लागि नगरपालिका र प्रदेश सरकारको मापदण्डलाई नै कडाईका साथ लागु गरिनेछ।

४०. **सूर्ती, मदिरा तथा सूर्तीजन्य पदार्थको नियमनः** (१) सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलबाट सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन।

(३) सूर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दूरी तोकी धुम्रपान र मदिरापानलाई निषेध गर्न सकिनेछ।

(४) खाद्य पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ।

(५) मदिरा, चुरोट, सूर्ती तथा सूर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन।

(६) शारीरिक तथा मानसिक स्वास्थ्यलाई असर गर्ने कुनै सामाग्री तथा सेवातर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन।

## परिच्छेद- ७

## स्वास्थ्य, वित्त र सामाजिक सुरक्षा

४१. **स्वास्थ्य सेवाका लागि वित्तीय स्रोतको व्यवस्थापनः** (१) यस ऐनमा उल्लेखित आघारभूत स्वास्थ्य सेवा प्रवाह गर्न नगरपालिकाले स्वास्थ्य सेवामा आवश्यक बजेट विनियोजन गर्नेछ।

(२) आपतकालीन स्वास्थ संकट अवस्थाको लागि नगरपालिकाले आकस्मिक स्वास्थ्य उपचार कोष स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने “आकस्मिक स्वास्थ्य उपचार कोष” मा देहाएबमोजिमका रकमहरु रहने छन्;

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गैरसरकारी, निजी संघसंस्था तथा व्यक्तिगत दाताबाट प्राप्त रकम,

(घ) दातृ निकायबाट प्राप्त रकम र

(ङ) नगरपालिकाबाट कोषका लागि विनियोजित रकम।

(४) उपदफा (२) बमोजिमको स्वास्थ्य सेवा कोषको सञ्चालन, व्यवस्थापन, विधि र आन्तरिक तथा वाह्य लेखापरीक्षणको प्रक्रिया नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(५) बुढीनन्दा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा उपलब्ध रकम वा श्रोतको

परिचालन प्रचलित कानुनको अधीनमा रही व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

४२. **सामाजिक सुरक्षाः** (१) नेपाल सरकारद्वारा कार्यान्वयनमा ल्याइएको स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रममा नगरपालिकाका सबै नागरिकलाई आबद्ध गराइनेछ।

तर, आर्थिक अभावका कारण बीमा कार्यक्रममा आबद्ध हुन नसक्ने अति विपन्न तथा पछाडी परेका वर्गलाई नगरपालिकाले प्रदेश सरकारसँगको सहकार्यमा वा आफै निःशूल्क बीमा गराउने व्यवस्था मिलाउन सक्नेछ।

(२) नगरपालिकाभित्र रहेका लक्षित वर्ग, महिला, बालबालिका, असहाय, अति विपन्न तथा अन्य लक्षित समूहका लागि विशेष सहुलियतको व्यवस्था मिलाउनु नगरपालिकाको कर्तव्य हुनेछ।

## परिच्छेद -८

## स्वास्थ्य सेवा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

४३. **स्वास्थ्य व्यवस्थापन तथा अनुगमन समितिको गठनः** स्वास्थ्य सुशासन, स्वास्थ्य सेवाको व्यवस्थापन एवं अनुगमनका लागि नगरपालिकामा देहाय अनुरुपको एक नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) नगर प्रमुख -अध्यक्ष

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) कानुन तथा प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) नगर कार्यपालिकाको सामाजिक विकास समिति संयोजक -सदस्य

(च) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको २ जना -सदस्य

(छ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना -सदस्य

(ज) नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना -सदस्य

(झ) नगर क्षेत्र भित्र कार्यरत स्वास्थ्यकर्मी मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(ञ) नगर क्षेत्रभित्रका स्वास्थ्य सम्बन्धी गैरसरकारी संस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनीत गरेको संस्थाको प्रमुख वा प्रतिनिधि १ जना -सदस्य

बुढीनन्दा नगरपालिका

(ट) दलित, जनजाति, सिमान्तकृत र अल्पसंख्यक मध्ये कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(ठ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

४४. **<u>स्वास्थ्य व्यवस्थापन तथा अनुगमन समितिका काम कर्तव्य र अधिकारः</u>** दफा ४३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाएबमोजिम हुनेछन्:

(क) तथ्यमा आधारित रही आफ्नो कार्यक्षेत्र भित्रका लागि स्वास्थ्य योजना तयार गर्ने।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरुको सञ्चालनका लागि दिइने अनुमति, स्वीकृति र आशयपत्र सम्बन्धी काममा नगरपालिकालाई आवश्यक



बुढीनन्दा नगरपालिका

राय, सल्लाह, सुझाव र परामर्श प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने र तिनीहरुलाई जागरुक र सजग बनाउने कार्य गर्ने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने, गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक गरी प्रकाशन गर्ने।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि



बुढीनन्दा नगरपालिका

स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध मिलाउने।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(झ) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित तथ्यांकहरुको संकलन र प्रशोधन गरी अद्यावधिक गर्ने, गराउने।

४५. <u>गुणस्तर सुधार तथा सुनिश्चितता समिति</u> (१) नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुबाट दिईने स्वास्थ्य सेवाहरुमा नेपाल सरकारले तोकेका मापदण्ड अनुसारको गुणस्तर सुनिश्चितताका लागि देहाएबमोजिमको एक नगर स्तरीय गुणस्तर सुधार तथा सुनिश्चितता समिति रहनेछ;

(क) नगर उप प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) गुणस्तर सुधार सम्बन्धी कार्य गर्ने संघ संस्थाहरु मध्येबाट नगरपालिकाको प्रमुखले तोकेको प्रतिनिधि १ जना -सदस्य

(ङ) नगरपालिका भित्रको अस्पतालबाट एक जना चिकित्सक र एक जना नर्स गरी जम्मा -२ जना -सदस्य

(च) उपभोक्ता मञ्चहरुबाट नगर प्रमुखले तोकेको १ जना प्रतिनिधि सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (७) बमोजिम गठित समितिको काम, कर्तव्य अधिकार तोकिएबमोजिम हुनेछ।

बुढीनन्दा नगरपालिका

४६. **<u>स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठनः</u>** (१) नगरपालिका क्षेत्रका सबै प्राथमिक स्वास्थ्य सेवा केन्द्र,शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाइ र आयुर्वेद औषधालयमा देहायबमोजिमको एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) नगर प्रमुख -संरक्षक १

(ख) स्वास्थ्य संस्था अवस्थित वडा अध्यक्ष -अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना -उपाध्यक्ष

(घ) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य -सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना -सदस्य

बुढीनन्दा नगरपालिका

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना -सदस्य

(छ) आमा समूह मध्येबाट समितिले मनोनित गरेको एक जना- सदस्य

(ज) स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद -९

## कसूर, जरिवाना र क्षतिपूर्ति

४७. **कसूर गरेको मानिने:** कसैले देहायबमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ

(क) दफा २४, २५, २६ र २७ बमोजिम अनुमति नलिइ स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा १२ बमोजिम सेवाग्राहीलाइ समान व्यवहार नगरेमा,

(ङ) दफा १४ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाइ यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बाहाना गरेमा,

(ञ) दफा ४० उपदफा ५ विपरित कसैले विज्ञापन गरेको पाइएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

४८. **<u>सजाय तथा जरिवानाः</u>** (१) दफा ४७ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ।

(२) दफा ४७ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चिस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) यो ऐन लागू भएपछि दिइएको समय सीमाभित्र तोकिएबमोजिमको मापदण्ड पूरा नगर्ने र तोकिएबमोजिमको इजाजतपत्र नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको ईजाजत पत्र स्वतः खारेज भएको मानिनेछ।

४९. **<u>पुनरावेदन दिन सक्ने:</u>** दफा ४८ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५०. **<u>सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्ने:</u>** प्रचलित मापदण्ड अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने गरी विशेष काम गर्ने स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, सहयोगी निकाय, व्यक्तिलाई प्रोत्साहन गर्न नगर कार्यपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

# परिच्छेद -१०

## विविध

५१. **स्वास्थ्य अनुसन्धानः** (१) नगरपालिकाले स्वास्थ्य सेवासँग सम्बन्धित बिषयमा अध्ययन, अनुसन्धान र खोज गर्न वा गराउन सक्नेछ।

(२) नगरपालिकाले नगर भित्र उपलब्ध औषधी जन्य जडिबुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण, विकास र उपभोग गर्न बहूपक्षीय सहकार्य (स्थानीय तह, निजीक्षेत्र तथा अन्य क्षेत्रसँग) गर्न छुट्टै मापदण्ड बनाउन सक्नेछ।

५२. **सूचना व्यवस्थापनः** (१) स्वास्थ्य सेवाको सूचना व्यवस्थापन र आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरी यसैका आधारमा प्रत्येक वर्ष स्वास्थ्य क्षेत्रको एकीकृत वार्षिक रिपोर्ट तयार गर्नु पर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिएबमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिवेदन तोकिएको निकाय समक्ष पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था र नगरपालिकाको स्वास्थ्य शाखाको दायित्व हुनेछ।

५३. **सामाजिक लेखा परीक्षण गराउनु पर्नेः** नगरपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाहरुले आफूले वर्षभरि प्रदान गरेका स्वास्थ्य सेवाको सामाजिक लेखा परीक्षण गराउनु पर्नेछ।

५४. **सुरक्षा प्रबन्ध गर्नु पर्नेः** नगरपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने अभद्र व्यवहार रोक्न र सुरक्षा प्रदान गर्न आवश्यक प्रबन्ध गर्नु पर्नेछ।

५५. **अनुगमन र मूल्याङ्कनः** (१) नगरपालिकाको मातहतमा रहेका सरकारी स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा सञ्चालन गर्न नगरपालिकाले स्वीकृति प्रदान गरेका निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रदान गरे नगरेको र सञ्चालनका शर्त पूरा गरे नगरेको सम्बन्धमा नगरपालिका आफैले वा अन्य निकाय मार्फत नियमन, निरीक्षण अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) स्वास्थ्य संस्थाहरुबाट नगरपालिकामा प्रतिवेदन गरिएका सेवाग्राहीको तथ्याङ्क र आपूर्ति व्यवस्थापन सूचना सम्बन्धी प्रतिवेदनलाई नगरपालिका

स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत नियमित परीक्षण गरिनेछ।

(३) अनुगमन, मूल्यांकन र गुणस्तर परीक्षण गर्दा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धी सूचकहरुको आधारमा सेवा प्रवाहको अवस्थाको अनुगमन गरिनेछ।

५६. **सिफारिस लिनु पर्नेः** (१) नगरपालिका क्षेत्रभित्र कुनै निजी क्षेत्रले राष्ट्रिय वा प्रादेशिक मापदण्ड अनुरुपका मेडिकल कलेज, स्वास्थ्य विज्ञान अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र जस्ता ठूला स्वास्थ्य संस्थान स्थापनाका गर्नका लागि सम्बन्धित नगरपालिकाबाट सिफारिश लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि आवश्यक कार्यक्रम र बजेट समेत प्रस्ताव गरिएको हुनु पर्नेछ।

५७. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्नेः** संघ वा प्रदेशबाट जारी गरिएका राष्ट्रिय वा प्रादेशिक

अभियानहरुलाई सफल बनाउन सहयोग पुर्याउनु नगरपालिकाको कर्तव्य हुनेछ।

५८. **थप नीति तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले आवश्यक देखेमा यो ऐनको भावना विपरीत नहुने गरी थप सेवा, सुविधा, विशेष प्याकेज, कुनै विशिष्टीकृत स्वास्थ्य सेवा वा अभियान, रक्तसेवा, घनीभूत शहरी स्वास्थ्य सेवा वा अन्य कार्यक्रमहरु समेत सञ्चालन गर्न सक्नेछ।

(२) नागरिकको शारीरिक, मानसिक, वातावरणीय र आध्यात्मिक स्वास्थ्य अवस्थाको उत्थान गर्न, रोग प्रतिरोधी क्षमताको विकास गर्न र आत्मिक शान्ति प्रवर्द्धन गर्न नगरपालिकाले यो ऐनमा विस्तृत रुपमा उल्लेख नभएका कुराहरुलाई समेत समेटेर आवश्यकता अनुसार नीति, कार्यक्रम र सोको कार्यान्वयन पद्धति निर्माण गर्न सक्नेछ ।

५९. **नियम बनाउन सक्नेः** नगरपालिकाले यो ऐनको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा आवश्यक पर्ने नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड जस्ता कानुनी आधार तयार गरी लागु गर्न सक्नेछ ।

६०. **<u>नगरपालिकाको कर्तव्य हुने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि महामारी वा संक्रामक रोगको प्रकोपलाई फैलन नदिई नागरिकको स्वास्थ्य सुरक्षा गर्न आवश्यक पर्ने क्वारेण्टाइन स्थल, आइसोलेसन केन्द्र वा अलग बसोबासको व्यवस्था मिलाई त्यस्ता केन्द्रहरुको सञ्चालन गर्ने कर्तव्य नगरपालिकाको हुनेछ।

६१. **<u>बाधा अडकाउ फुकाउने:</u>** यो ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने जिम्मेवारी नगरपालिकाको हुनेछ।

आज्ञाले

ओमजङ्ग शाही

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका